## कर्णालीको आर्थिक विकास, सम्भावना र चुनौती

माधव प्रसाद खनाल
उपप्राध्यापक, सुर्खेत क्याम्पस (शिक्षा)

**१. विषय प्रवेश**

कर्णाली प्रदेश क्षेत्रफलको दृष्टिले नेपालको सबैभन्दा ठूलो प्रदेश हो । समुद्र सतबाट झन्डै १९८ मिटरदेखि ६८८३ मिटरसम्मको उचाइमा रहेको र भित्री मधेशदेखि हिमाली क्षेत्रसम्म फैलिएको यस प्रदेशको कुल क्षेत्रफल ३०३१८ वर्ग कि.मि. रहेको छ । राष्ट्रिय जनगणना २०६८ अनुसार यहाँको कुल जनसंख्या १५,७०,४१८ छ, जुन नेपालको कुल जनसंख्याको ५.९ प्रतिशतमात्र हो । हाल उक्त जनसंख्या बृद्धि भई १७,०१,८०० पुगेको छ (के.त.वि., २०१६) । यस प्रदेशमा ठकुरी, क्षेत्री, बाहुन, दलित, मगर, गुरुङ , जनजाति आदिको बसोबास रहेको छ । कर्णाली प्रदेशको कृषि क्षेत्रमा प्रदेशगत योगदान ६% छ भने उद्योगमा ३% मात्र छ । ४ प्रतिशतले नेपालको समग्र जिडिपिलाई योगदान दिएको छ । प्रतिव्यक्ति आय ६७७ अमेरिकी डलर भएको कर्णाली प्रदेशमा ३६.५ प्रतिशत मानिसहरू गरिबीको रेखामनि जीवन जीउन बाध्य छन् । यहाँ बहुआयामिक गरिबी दर नेपालकै सबभन्दा बढी (५१.६%) विद्यमान छ । यस प्रदेशको मानव विकास सूचाकाङ्क ०.४२६ मात्र छ । वार्षिक १६.८ हजार खाद्यान्न अपुग हुने भएकोले खाद्य सुरक्षाको प्रत्याभूति छैन । जल विद्युत उत्पादनको व्यापक सम्भावना भए पनि विद्युत उत्पादन हुन सकेको छैन । सडक, स्वास्थ्य र वित्तीय पहुँच न्यून छ । समग्रमा कृषि, उद्योग र सेवा क्षेत्रमा कर्णाली प्रदेशको हिस्सा नेपालका सबै प्रदेशभन्दा कम छ ।

खस साम्राज्यको रुपमा रहेको यो प्रदेश आर्थिक, सामाजिक, सांस्कृतिक केन्द्र र नेपाली भाषाको उद्‌गम पनि हो । शीतकालीन राजधानी दुल्लू र गृष्मकालीन राजधानी सिंजाद्वारा शासित यो प्रदेश खस राजा अभय मल्लको मृत्युपछि छिन्न भिन्न हुँदै बाइसे राज्यमा परिणत हुन पुग्यो । त्यससँगै प्रदेशले अभाव, गरिबी र पछौटेपनका खराब दिन भोग्न बाध्य हुनुपर्‍यो । नेपालको संविधान २०७२ को कार्यान्वयनसँगै समृद्ध नेपाल र खुसी नेपाली बनाउन आर्थिक क्रान्तिको थालनी भइसकेको सन्दर्भमा केन्द्र, प्रदेश तथा यहाँका स्थानीय सरकारहरूले कर्णाली प्रदेशलाई पनि आर्थिक विकासको दृष्टिले समृद्ध बनाउने आधारहरू खोजी गर्नु परेको छ ।

**२. आर्थिक विकासको प्रारूप**

विकासको अर्थ सकारात्मक परिवर्तन हुन्छ । यसले परिमाणात्मक तथा गुणात्मक बृद्धिलाई जनाउँछ । विकासवादी अर्थशास्त्री G. Meier र Baldwin देशको कुल राष्ट्रिय आम्दानीमा बृद्धि हुनु र Benzamin Higgins, Jacov Viner, Arther Lewis आदि अर्थशास्त्री प्रतिव्यक्ति आम्दानीमा बृद्धि हुनुलाई आर्थिक विकास मानेका छन् । Todaro आर्थिक विकासलाई परिभाषित गर्दै भनेका छन्- "आर्थिक विकास एउटा बहुआयामिक प्रक्रिया हो, यसले सामाजिक ढाँचा, लोकप्रिय धारणा, राष्ट्रिय संघसंस्थाहरू आदिमा ठूलो परिवर्तन ल्याउनुका साथै आर्थिक अभिबृद्धि तथा आयको असमानतामा न्यूनीकरण गरी निरपेक्ष गरिवीको अन्त्य गर्दछ" । आर्थिक विकास मानिसको जीवनस्तरमा हुने दिगो बृद्धिसँग सम्बन्धित छ । यसले भौतिक उपयोग, स्वास्थ्य र वातावरणीय पक्षलाई समेटेको हुन्छ । UNO का अनुसार विकास मानिसको भौतिक चाहनाहरूसँग मात्र सम्बन्धित नभई मानव जीवनको सामाजिक अवस्थाको सुधारसँग सम्बन्धित छ । त्यसैले आर्थिक विकास आर्थिक बृद्धि मात्र नभई सामाजिक, सांस्कृतिक संस्थागत एवं आर्थिक क्षेत्रमा हुने उन्नति र परिवर्तन हो ।

आर्थिक विकास हुँदा सामाजिक न्यायसहितको सम्बृद्धि प्राप्त हुन्छ । सम्बृद्धि व्यक्तिको खुशी सहितको आर्थिक प्रगति हो, नागरिकका सरोकारलाई सम्बोधन गर्नु र उनीहरूको जीवनस्तर सहज बनाउनु हो । पूर्वाधार विकास, बृहत् उत्पादन, न्यायोचित वितरण, प्रतिव्यक्ति आम्दानी बृद्धिका साथै सामाजिक प्रतिष्ठा, शिक्षा, स्वास्थ्य, सुरक्षा, जीवनशैली र सामाजिक एवं आर्थिक क्षमतामा हुने बढोत्तरी सम्मृद्धिका सूचक हुन् । अर्थतन्त्रमा हुने सम्बृद्धिले जीविकोपार्जनलाई सहज बनाउँछ ।

गरीव तथा विपन्न तेस्रो मुलुकको आर्थिक विकासका लागि अर्थशास्त्रीहरूले Balanced Theory, Unbalanced Theory, Big Push Theory, Dependency theory, Participation Theory जस्ता थुप्रै सिद्धान्तहरू प्रतिपादन गरेका छन् । विकास माथिबाट अरुले गरिदिने अथवा केन्द्रले मात्र गर्ने विषय हो भन्ने धारणा (Top to Bottom Approach) असफल भई सकेपछि विकास जनता आफैले आफ्ना लागि गर्ने भएकोले स्थानीय सक्रियताबाट मात्र हुन्छ (Bottom to up) भन्ने दृष्टिकोण बलियो हुँदै गयो । नेपाल संघीयतामा गई सकेकोले विकासका लागि प्रदेश र स्थानीय तहले उपयुक्त नीति र योजना निर्माण गरी कार्यान्वियन तथा मूल्याङ्कन गर्न सक्नु पर्दछ ।

कणाली प्रदेशको समृद्धि र न्याय सहितको विकासका लागि सरकारको एक्लो प्रयास पर्याप्त नहुने भएकोले सरकारी निजी र सहकारीको साझेदारीको आवश्यकता मानिएको छ । संतुलित तथा असन्तुलित दुवै प्रकारको प्रारूप प्रयोग गर्न सकिए पनि प्राकृतिक साधन श्रोतको प्रशस्त सम्भावना भएको यस विपन्न प्रदेशमा जनसहभागीतामूलक विकासको प्रारूप अनुरूप विकास आयोजनाहरू सञ्चालन गर्नु सान्दर्भिक हुन्छ । किनकि यस पद्धतिमा विकासका हरेक आयाम अर्थात् नीति निर्माण, निर्णय, कार्यान्वियन र मूल्याङ्कनमा जनता आफै सरिक हुन्छन् । अर्थशास्त्री Jamen Adam तथा J.R.Mackerken का अनुसार विकास निर्णयहरूमा त्यसबाट असर पर्ने सबै जनता र संस्थाहरूलाई संलग्न गराउँदा दिगो र प्रभावकारी आर्थिक विकास हुन्छ । नेपालमा कार्यान्वियन गरिएको "आफ्नो गाउँ आफै बनाऊँ" अभियान जनसहभागितामूलक विकास प्रारूपको सफल उदाहरण हो ।

**३. कर्णाली प्रदेशको विकासका आधारहरू**

नेपालभन्दा पनि कठिन भूगोल, विपन्नता र पुँजीको अपर्याप्तता भएका संसारका थुप्रै मुलुकहरू आर्थिक विकास र सम्बृद्धि हासिल गर्न सफल भएका छन् । कर्णालीको भूगोल र प्राकृतिक साधन आर्थिक बरदान हुन् । अर्थशास्त्री Baran को विचारमा अल्पविकसित मुलुकहरू प्राकृतिक साधनको अभावले होइन कि विद्यमान प्राकृतिक साधन र स्रोतको समुचित उपयोग गर्न नसकेकोले विकसित हुन सकेका छैनन् । प्रचुर प्राकृतिक साधन र स्रोतका कारण यस प्रदेश विकासको ठूलो सम्भावना भएको रहेको छ । प्राकृतिक साधनको समुचित उपयोग नै यहाँको विकासको कडी हो । प्राकृतिक साधन जमीन, जङ्गल, जल, जडिबुटी र पर्यटन विकास यस प्रदेशको समृद्धिका आधारहरू हुन् । कर्णाली प्रदेशमा विकासका मुख्य सम्भावनाहरूलाई निम्न बमोजिम उल्लेख गर्न सकिन्छ :



Quickkhabar.com

३.१ कृषि

कृषि कर्णाली प्रदेशको सर्वाङ्गीण विकासको प्रमुख आधार हो । चुरेदेखि हिमालय क्षेत्रसम्म फैलिएको यो प्रदेशमा फरकफरक हावापानी र जमीन पाइने भएकोले यहाँ खाद्यान्न, नगदे बाली, पशुपालन, माहुरी पालन आदिको ठूलो सम्भावना रहेको छ । यहाँको भित्री मधेसमा खाद्यान्न बाली, पहाडी क्षेत्रमा साइट्रस जातका फलफुल र हिमाली क्षेत्रमा पशुपालन व्यवसाय व्यवसायिक ढंगले गर्न सकिन्छ ।

यस प्रदेशको रोजगारी र आयस्तर बृद्धि गरी खाद्य सुरक्षा प्रदान गर्नका लागि जलवायु अनुकूलित खाद्यान्न तथा नगदेवाली, फलफुल, जडिबुटी, पशुपालन, माहुरी पालन आदिको विकास गर्न दिगो विकास लक्ष अनुरूप दिगो कृषि विकास रणनीति बनाउनु पर्दछ । भू-उपयोग नीति अनुरूप सम्पूर्ण कृषियोग्य जमीनलाई प्रयोगमा ल्याई आधुनिक ज्ञान र सीपको प्रयोग गरी कृषि क्षेत्रको विकास गर्न सकिन्छ । तत्काली कर्णाली अंचलका पाँचवटै हिमाली जिल्लामा आधुनिक ढङ्गले व्यावसायिक स्याउ, ओखर खेती र पशुपालन, दैलेख र सल्यानमा व्यावसायिक सुन्तला खेती, सुर्खेतमा तरकारी खेती र खाद्यान्न उत्पादन, रुकुममा तरकारी वीउ उत्पादनको ठूलो सम्भावना रहेको छ । आ.व. २०७४/०७५ मा “एक घर, एक स्याउ वगैंचा” भन्ने सरकारी नीतिअनुसार जुम्लामा रहेका १४८०० स्याउका बगैचाबाट ६००० मे.ट. स्याउ निर्यात गरी १६ करोड आम्दानी प्राप्त भएको छ (कृ.वि. शाखा, जुम्ला) । यस प्रदेशमा उन्नत जातको वीउ उत्पादन र उन्नत नश्लका पशुपंक्षी पालनका साथै रैथाने जातको उत्पादनलाई पनि प्राथमिकतामा राख्नु पर्दछ । जस्तैः जुम्लाको मार्सीधान, फापर आदि ।

कृषिको व्यवसायीकरणका लागि सरकारले युवाहरूलाई कृषितर्फ आकर्षित गर्ने, कृषि र पशु वीमा, वीउ तथा कृषिजन्य जैविक विविधताको संरक्षण, सुलभ ऋण, पर्याप्त अनुदान, सिंचाई तथा बजार व्यवस्थापन एवं कृषि अनुसन्धान र विकासमा जोड दिनु पर्दछ । “एक गाउँ एक उत्पादन” नीति अनुरूप उत्पादनको विशिष्टीकरण गर्नु पर्दछ । कृषि क्षेत्रको विकासबाट कृषि उत्पादन र उत्पादकत्वमा बृद्धि भई दिगो हरित कान्तिसँगै मानिसको आम्दानी र जीवस्तरमा सुधार ल्याउन सकिन्छ साथै कर्णाली प्रदेशका जनताको सामाजिक आर्थिक रूपान्तरणमा सहयोग पुगेमात्र प्रदेश सरकारले “रैथानै वालीलाई संरक्षण र सम्वर्द्धन गर्दै अर्गानिक तरकारी र फलफूल तथा मासुमा कर्णाली प्रदेशलाई आत्मनिर्भर बनाउने” नीति सफल हुनेछ ।

३.२ ऊर्जा विकास

कर्णाली प्रदेश जलसम्पदाका दृष्टिले सम्पन्न प्रदेश हो । कर्णाली र भेरीजस्ता स्थायी रूपमा बरिहने ठूला नदी र लोहोरे, चिङ्गाड, छेडा, शारदा जस्ता थुप्रै खोलाहरूको अवस्थितिले यस प्रदेशमा करिव १८,००० MW विद्युत उत्पादन गर्न सक्ने सम्भावना रहेको छ । राष्ट्रिय उर्जा संकट निवारण तथा विद्युत विकास दशकसम्बन्धि कार्ययोजनामा परेका फुकोट कर्णाली, माथिल्लो कर्णाली, वेतान कर्णाली, तिला १, २, नलसिँगाड, जगदुल्ला, भेरी १,४, भेरी बबई डाइभर्सन यस प्रदेशका प्राथमिकता प्राप्त ठूला जलविद्युत आयोजनाहरू हुन् । वि.सं. २०८२ सम्म सम्पन्न गरिसक्नु पर्ने यी आयोजनाबाट ४,२,२५ MW विद्युत उत्पादन हुने अनुमान गरिए पनि हालसम्म साना द्वारी जलविद्युत आयोजनामार्फत यस प्रदेशमा ३.७५ MW विद्युत मात्र उत्पादन भएको छ ।

ऊर्जा विकास कर्णाली प्रदेशको समृद्धिको महत्त्वपूर्ण आधार हो । प्रचुर मात्रामा ऊर्जा तथा पूर्वाधारको विकासले अर्थतन्त्रको दिगो बृद्धिका लागि मेरुदण्डको काम गर्दछ । घर परिवार, उद्योग, कल कारखाना, यातायात, सेवाप्रदायक क्षेत्रलगायत अर्थतन्त्रका सबै क्षेत्र ऊर्जाबाट नै क्रियाशील हुन्छन् । नेपालमा औद्योगिक खपत, जनसंख्यामा ऊर्जाको पहुँच, प्रतिव्यक्ति ऊर्जा उपभोग आदि ऊर्जासँग सम्बन्धित सूचकाङ्कहरू न्यून छन्, कर्णाली प्रदेशको अवस्था अझ दयनीय छ । यस प्रदेशमा पर्याप्त जलविद्युत उत्पादन हुन सकेको खण्डमा रोजगारी प्रवर्द्धन, यातायात, बजार, विज्ञान र प्रविधि, बैङ्किङ र वित्तीयक्षेत्र जस्ता पूर्वाधारको विकास गर्न सहज हुन्छ र आवश्यकताभन्दा बढी भएको विद्युत निर्यात गरी विदेशी मुद्रासमेत आर्जन गर्न सकिन्छ ।

जलविद्युत उत्पादन गर्न ठूलो लगानीको आवश्यकता पर्छ । नेपालमा एक मेगावाट विद्युत उत्पादन गर्न लगभग १७ करोड बराबरको पुँजी लगानी गर्नु पर्दछ । ठूला जलविद्युत आयोजना संचालन गरी विद्युत उत्पादन गर्न ठूलो धनरासी आवश्यक हुने भएकोले सरकारबाट एक्लैले लगानी गरी विद्युत उत्पादन गर्न सम्भव हुँदैन । त्यसैले केन्द्र, प्रदेश र स्थानीय सरकारले क्रमशः ३०, २० र १० गरी ६०% र बाँकी बैङ्किङ तथा वाणिज्य क्षेत्र, कर्मचारी, साधारण जनता र सहकारीलाई शेयर प्रदान गरी लगानी जुटाउनु पर्दछ । विद्युतको लगानी व्यवस्थापन गर्न सेवा निवृत परियोजना, बालबालिका बचत परियोजना जलविद्युत कोष (मासिक बचत योजना) निर्माण गरी आन्तरिक श्रोत परिचालन गर्नु पर्दछ । त्यस्तै भारत, चीन, अमेरिका, जापान आदि विकसित देशहरुसँग द्विपक्षीय र बहुपक्षीय तथा बहुराष्ट्रिय कम्पनीबाट पनि विदेशी लगानी भित्र्याउन सकिन्छ । प्रदेश सरकारको “विदेशी र स्वदेशी लगानी कर्तालाई नाफा प्राप्त नहुञ्जेल कर छुट दिने” घोषणाले पनि थप आन्तरिक र वाह्य लगानी जलविद्युत आयोजनातर्फ आकर्षित हुने देखिएको छ ।

३.३. पर्यटन विकास

पर्यटन उद्योग नेपालको अर्थतन्त्रको मेरुदण्ड हो । पर्यटकहरुको गन्तव्य विकसितबाट अविसित देश हुन लागेकोले पर्यटन विकासोन्मुख देशहरुको आशालाग्दो क्षेत्र बन्न पुगेको छ । कर्णाली प्रदेशमा भौगोलिक विविधता, प्राकृतिक सौन्दर्यता, चाँदीजस्तै चम्कने हिमाच्छादित हिमाल, जैविक तथा सांस्कृतिक विविधता, ऐतिहासिक विभिन्न धार्मिक मठमन्दिरहरु, ताल तलैया एवं भाषिक विविधता पाइन्छ । मुलुककै प्रमुख गन्तव्य मानिएका रारताल,सेफोक्सुन्डो ताल स्यार्पु दह, कुपिन्डे दह, बुलबुले ताल, सिँजा उपत्यका, चंखेली हिमाल, काञ्जीरोवा हिमशृंखला, त्रिपुरासुन्दरी, चन्दनाथ, काँक्रेविहार, कीर्तिखम्ब पञ्चकोशी, पञ्चदेवलजस्ता पर्यटकीय स्थलहरु यस प्रदेशमा रहेका छन् । यहाँको प्राकृतिक, ऐतिहासिक, धार्मिक तथा सांस्कृतिक सम्पदाहरुले पर्यटकहरुको मनै लोभ्याउन सक्ने क्षमता छ । त्यसैले यस प्रदेशमा पर्यापर्यटन, पर्वतीय पर्यटन, धार्मिक-सांस्कृतिक पर्यटन, साहसिक पर्यटन र ग्रामीण पर्यटनको ठूलो सम्भावना देखिएको छ । मानसरोवरको मूलद्वार हिल्सा भएर भारतीय पर्यटकहरु मानसरोवरको यात्रा गर्न रुचाउने भएकोले यो प्रदेश केन्द्र बन्न पुगेको छ । त्यस्तै चिनिया तथा अन्य विदेशी पर्यटकहरुको पनि आकर्षक विन्दु बनाउनु पर्दछ । त्यसैले पर्यटन उद्योगलाई कर्णाली प्रदेशको अर्थतन्त्रको बलियो आधारको रुपमा स्थापित गर्न सकिन्छ ।

पर्यटन क्षेत्रको विकास गर्न सकेको खण्डमा पर्यटन कर्णाली प्रदेशको राजस्वको महत्त्वपूर्ण श्रोत बन्न सक्छ । यसले सर्वसाधारण मानिसलाई रोजगारी र स्वरोजगार बनाउने कला सिकाई व्यापार घाटालाई कम गर्दै प्रदेशको आम्दानी र खर्चलाई संतुलित राख्न मद्दत गर्दछ । यसले धार्मिक, सांस्कृतिक र ऐतिहासिक महत्वको पहिचान गर्दै प्राकृतिक वातावरणको संरक्षणमा टेवा पुऱ्याउँछ ।

पर्याप्त सम्भावना हुँदाहुदै पनि कर्णाली प्रदेशमा पर्यटन उद्योगको विकास गर्न सकिएको छैन । पर्यटन विकास र प्रवर्द्धनका लागि सरकारले पर्यटनमुखी विकास रणनीति तयार गरी प्रदेशलाई पर्यटकीय केन्द्र बनाई पर्यटकका लागि उपयुक्त वातावरण निर्माण गर्नु परेको छ । सुविधा सम्पन्न होटल, यातायात, संचारको सुविधा, सुरक्षाको प्रत्याभूति, पथप्रर्दशकको व्यवस्था, पर्यटन श्रोत र साधनको विकास पर्यटन विकासका आधारभूत कुराहरु हुन् । त्यस्तै, पदयात्रा मार्ग जोगाउने र वैकल्पिक पदयात्रामार्गको खोजी गर्ने, पर्यटकहरुको आगमन संख्या बृद्धि गर्ने, बसाइअवधि बढाउने र पर्यटकीय गन्तव्यको बजारीकरण पनि त्यतिकै महत्त्वपूर्ण पक्ष हुन् । यसका लागि आवश्यक पर्ने लगानी सरकार (केन्द्र, प्रदेश र स्थानीय) एक्लैले गर्न कठिनाइ हुने भएकोले सरकारी-निजी-सहकारी साझेदारीमा श्रोत व्यवस्थापन गर्नु परेको छ । बाह्य पर्यटकका साथै शिक्षक, कर्मचारी र सर्वसाधानलाई आर्षक सुविधा दिई आन्तरिक पर्यटनमा पनि जोड दिएमात्र नेपाल सरकारको "सन् २०२० लाई भ्रमण वर्ष मनाउने र पर्यटन संख्या २० लाख पुऱ्याउने" तथा कर्णाली प्रदेश सरकारको "कर्णाली समृद्धिको आधार, पर्यटनको विकास र पूर्वाधार" भन्ने दुवै नारा साकार हुन सक्छन् ।

३.४ जडिबुटी

नेपालमा ६९० जातका औषधीजन्य जडिबुटी पाइन्छन् । यीमध्ये ५१० वटा जङ्गल नै पाइन्छन् भने १२० वटा जडिबुटीको खेती गरिएको छ (शर्मा, २००७) । उपयुक्त जलवायु र भूगोलका कारण अधिकांश बहुमूल्य जडिबुटीहरु कर्णाली प्रदेशमै पाइन्छन् । यहाँ यार्सागुम्बा, पाँचऔंले, बाघेजडी, विषमा, सतुवा, गुच्छीच्याउ, कटुको, चिराइतो, जटामसी, पदमचाल्लो, भ्याउ, शिलाजीत आदि जडिबुटीहरु परापूर्व कालदेखि नै औषधीको रुपमा प्रयोग गर्रिंदै आए पनि हालसम्म यस प्रदेशमा व्यावसायिक जडिबुटी खेती गरिएको छैन । जंगलबाट माथि उल्लेखित अप्रशोधित जडिबुटीहरु स्थानीय जनताले संकलन गरी विचौलिया मार्फत निर्यात गर्दछन् । यसबाट रोजगारी सिर्जना, आयआर्जन र राजस्वमा समेत बृद्धि भएको छ । तर कच्चा जडिबुटी, त्यो पनि दलाल मार्फत निकासी गर्नु पर्ने हुँदा साधारण किसानहरुले उचित मुल्य पाउन सकेका छैनन् ।

जडिबुटीबाट अत्यधिक लाभ लिनका लागि जडिबुटीको खोज, अनुसन्धान गरी यसको उत्पादनको विषेश क्षेत्र बनाई जडिबुटीको व्यवसायिक खेती गर्ने कार्यक्रम ल्याउनु पर्दछ । जडिबुटी प्रशोधन केन्द्र स्थापना गरी कर्णाली प्रदेशलाई जडिबुटीको उत्पादन, प्रशोधन र बजारीकरणको केन्द्र बनाउनु पर्दछ । 'जनताको धन, जडिबुटी वन्यजन्तु र वन' भन्ने नारालाई साकार बनाउन वनजंगलको संरक्षण र सही उपयोग, जडिबुटी तथा गैरकाष्ठ वन पैदावारको व्यावसायिक खेती, प्रशोधन र बजारीकरणलाई प्रोत्साहन गर्ने नीति तथा कार्यक्रमको सफल कार्यान्वयन हुनुपर्दछ ।

४. आर्थिक विकासका चुनौतिहरु

वि.स. २०७२ मा संघीय गणतन्त्र नेपालको संविधान लागु भययता २०७३ को संसदीय निर्वाचनपछि नेपालले स्थायी सरकार पाएको छ । समाजवादउन्मुख अर्थतन्त्र निर्माण गर्न कर्णालीको आर्थिक विकास गर्न व्यापक चरम गरिवी, प्राकृतिक सम्पदाको अनुपयोग, न्यून पुंजी निर्माण, न्यून जनशक्ति विकास, प्राविधिक उन्नति र सामाजिक तथा संस्थागत मूल्य र मान्यताहरु चुनौतीका रुपमा रहेका छन् । यस प्रदेशको आर्थिक विकासका चुनौतिहरुलाई निम्नानुसार वर्णन गरिएको छ :

४.१ गरिवी र असमानता

कर्णाली प्रदेशका ३६.५ प्रतिशत मानिसहरु निरपेक्ष गरिव छन्, औसत आय ६७७ अमेरिकी डलरमात्र छ । Ragner Nurkse को विचारमा एउटा देश गरिव भएकोले गरिव हुन्छ । गरिवीको कुचक्रले विकासलाई पछिल्तिर धकेल्छ । न्यून उत्पादकत्वको कारणले आम्दानी कम हुन्छ । बचत र मागको कमी भए लगानी र पुँजी पनि घट्न थाल्दछ फलस्वरुप पुनः उत्पादकत्व घट्दछ । त्यस्तै यस प्रदेशमा तीव्र आर्थिक असमानता विद्यमान छ ।

४.२ तीव्र जनसंख्या बृद्धि

तीव्र जनसंख्या बृद्धिले आर्थिक विकासको प्रयासलाई असफल बनाउँछ । जनसंख्या बृद्धिबाट आयस्तर घट्दछ, बचत तथा लगानी कम हुन्छ, अशिक्षा र कुपोषणका कारण श्रमशक्तिमा आश्रितहरुको संख्या बढ्नुका साथै उत्पादन र उत्पादकत्व घट्दछ । त्यसैले तीव्र जनसंख्या बृद्धि यस प्रदेशको आर्थिक विकासको ठूलो अवरोध सावित भएको छ ।

४.३ पूर्वाधारको कमी

यातायात, संञ्चार, स्वास्थ्य, शिक्षा, बजार, विद्युत आदि विकासका पूर्वाधारले आर्थिक विकासको गतिलाई तीव्र पार्ने भएकाले कर्णाली प्रदेशमा यस्ता पूर्वाधारको पर्याप्त विकास हुन सकेको छैन । त्यसैले यस प्रदेशको सुर्खेतमा प्रस्तावित चौकुने र सल्यानका सिमेन्ट कारखाना, ठूला-ठूला जलविद्युत आयोजनाको सफल कार्यान्वयन हुन सकेको छैन् । साथै बाणिज्य, पर्यटन, कृषि आदि क्षेत्रको विकास पनि अवरुद्ध भएको छ ।

४.४ दक्ष जनशक्तिको कमी

दक्ष जनशक्ति आर्थिक विकासको प्रमुख वाहक हो । करिव ६० प्रतिशत मानिस निरक्षर रहेको कर्णाली प्रदेशमा कानुनविद, नीति निर्माणकर्ता, योजनाविद्, इन्जिनियर, व्यवस्थापक एवं उद्यमीको नितान्त अभाव छ, वर्षेनी विदेशीने तथा स्वदेशमै रहने जनशक्ति अदक्ष छ ।

४.५ पुंजीको अभाव

धार्मिक, सांस्कृतिक, साहसिक तथा पर्यापर्यटन, ऊर्जा, जडिबुटी र कृषि विकासका लागि प्रशस्तमात्रामा स्वदेशी तथा विदेशी लगानी आवश्यक रहेको कर्णाली प्रदेशको आम्दानी स्तर ज्यादै न्यून भएकोले बचत पनि कम भई न्यून पुंजी निर्माण हुन्छ । त्यसैले पुंजी निर्माण यो प्रदेशको आर्थिक विकासको चुनौती हो ।

४.६ पिछडिएको कृषि

कृषि कर्णाली प्रदेशको मुख्य पेसा हो । उर्वर भूमिको कमी, सिचाइ, कृषि ऋण, उपकरण, उन्नत वीउ र प्रविधिको अभावले यस प्रदेशको कृषि उत्पादन तथा कृषि उत्पादकत्व अत्यन्त कम हुनुका साथै खाद्यान्न सुरक्षाको प्रत्याभूति छैन । यस प्रदेशले अप्रशोधित जडिबुटी, कच्चा पदार्थ तथा प्राथमिक वस्तुमात्र निर्यात गर्ने र खाद्यान्न, उपभोग्य वस्तु तथा तयारी सामान आयात गर्ने भएकोले वर्षेनी घाटा वेहोर्नु परेको छ । त्यसैले पिछडिएको कृषि यस प्रदेशको आर्थिक विकासको चुनौती बन्न पुगेको छ ।

४.७ उद्यमशीलताको अभाव

कर्णाली प्रदेशमा सम्भाव्य विभिन्न परियोजना संचालन गर्नका लागि प्रतिभाशाली र दूरदृष्टि सहितको सक्षम उद्यमीको आवश्यकता छ । तर यस प्रदेशमा परम्परागत सामाजिक मूल्य र मान्यता, निरासावादी र नकारात्मक सोच, निरक्षता आदि व्याप्त भएकोले यहाँका मानिसहरु उत्पादनमूलक कार्य गर्न अनिच्छुक हुन्छन् । G.Meier तथा Baldwin को विचारमा "गरिव देशको सामाजिक-सांस्कृतिक मूल्य प्रणाली आर्थिक विकासको अनुकूल हुँदैन, यसकारण मानिसहरु आर्थिक दृष्टिले पिछडिएका हुन्छन् ।" भाग्यवादी, निशावादी र नकारात्मक सोच, सामाजिक प्रवृति, मूल्य र मान्यताबाट आर्थिक विकासमा नकारात्मक प्रभाव पर्दछ । विकासका लागि पुँजी आवश्यक शर्त हो, तर पर्याप्त शर्त भने होइन । उद्यमशीलताको अभावले कर्णाली प्रदेशले विकासको फड्को मार्न सकेको छैन ।

४.८ सुशासनको अभाव

यस प्रदेशका स्थानीय तह र प्रदेश तहमा कर्मचारीको अपर्याप्तता छ, विद्यमान प्रशासनिक संयन्त्र कमजोर छ, विधिको शासन, पारदर्शिता र जवाफदेहिता तथा सदाचारको अभाव छ । विकासका लागि सुशासन अपरिहार्य भए पनि सरकारको नीति र योजनाको प्रभावकारी कार्यान्वियन गर्ने संयन्त्र नै भ्रष्ट भएपछि साधनको दुरुपयोगमात्र हुन्छ र आर्थिक विकास हुन सक्दैन । सुशासन कर्णाली प्रदेशको विकासको ठूलो चुनौती सावित भएको छ ।

४.९ प्राकृतिक साधनको अनुपयोग

कर्णाली प्रदेश जलस्रोत, खनिज, जंगल र जमिनका दृष्टिकोणले सम्पन्न प्रदेश हो । १८००० MW विद्युत उत्पादन क्षमता रहेको यस प्रदेशको जलश्रोतको उपयोग गर्न सकेको खण्डमा स्थानीय उपभोगका साथै विदेशमा विद्युत निर्यात गरी विदेशी मुद्रा आर्जन गर्न सकिन्छ । कर्णालीका हिमाली जिल्लाहरुमा व्यावसायिक जडिबुटी तथा अर्गानिक तरकारी उत्पादनको केन्द्र बनाउन सकिने भए पनि पुँजी, प्रविधि र दक्ष जनशक्ति अभावका कारण यस क्षेत्रमा रहेको पेट्रोलियम पदार्थ, खनिज, जलश्रोत आदि प्राकृतिक साधनको उपयोग हुन सकेको छैन ।

५. आर्थिक विकासमा अबको बाटो

प्राकृतिक श्रोत र साधनले सम्पन्न कर्णाली प्रदेश आर्थिक विकासको ठूलो संभावना वोकेको प्रदेश हो । विकासका लागि उपयुक्त नीति र योजना निर्माण, सकारात्मक सोच, मानव श्रोत र पुँजीको व्यवस्थापन तथा वजेट र योजनाको प्रभावकारी कार्यान्वियन अहिलेको आवश्यकता हो । कर्णालीको आर्थिक विकासका लागि आवश्यक पर्ने उपायहरु निम्नानुसार प्रस्तुत गरिएको छ :

५.१ नीति र योजना निर्माण

सामाजिक न्यायसहितको समाजवादोन्मुख अर्थतन्त्रको विकासका लागि राष्ट्रिय स्तरमा भू-विकास योजना निर्माण गरी दीर्घकालीन योजनाका आधारमा आवधिक योजना तयार गर्नुपर्दछ । राष्ट्रिय विकासको लक्ष्य हासिल गर्न मानव बसोबासका वस्ती, ओद्योगिक क्षेत्र, विविध खालको कृषि उत्पादन क्षेत्र, पर्यटकीय क्षेत्र, वन तथा जडिवुटी संरक्षण क्षेत्र आदिका लागि उपयुक्त भू-भाग पहिचान गर्नु पर्दछ र आवश्यक भौतिक पूर्वाधारको निर्माण गर्नुपर्दछ । कर्णालीका युवा, दलित, उत्पीडित, सीमान्तकृत वर्ग, निजी क्षेत्र सम्पूर्णलाई समेट्ने गरी विकासको योजना तयार गर्नुपर्दछ ।

५.२ सकारात्मक सोचको विकास

सामाजिक मूल्य, मान्यता, संस्कार र सोचाइले देशको आर्थिक विकासमा महत्वपूर्ण भूमिका खेल्ने भए पनि अशिक्षा, अन्धविश्वास र रुढिवादी सोचाइका कारण यस प्रदेशका अधिकांश बासिन्दाहरुमा भाग्यवादले जरो गाडेको छ, सम्भावना (अवसर) ले होइन चुनौतिले प्रभाव जमाएको छ, नकारात्मकता र आलोचनात्मक प्रवृत्ति हावी छ । यस प्रदेशको समृद्धिका लागि मानिसको सोचाइमा परिवर्तन ल्याउन जरुरी छ । आफूबाटै परिवर्तनको सुरुवात गर्दै समाज र राष्ट्रलाई परिवर्तन गर्न सकिन्छ भन्ने धारणाको विकास गर्नु पर्दछ ।

५.३ मानव स्रोत व्यवस्थापन

दक्ष जनशक्ति विकासको सक्रिय तत्व हो । प्रोफेसर अमरत्यसेनको विचारमा विकासका लागि आवश्यक स्रोत भनेको दक्ष मानव श्रोत हो, अन्य प्राकृतिक श्रोत र प्रविधि त सहयोगी मात्र हुन् । सिर्जनशील र गुणस्तरीय सिकाइबाट मात्र दक्ष जनशक्ति तयार हुन्छ । यसका लागि श्रममूलक, व्यवहारिक र प्रविधि युक्त गरखाने शिक्षा प्रणालीको विकास हुनुपर्दछ । श्रमलाई सीपसँग, सीपलाई उत्पादनसँग र उत्पादनलाई प्रदेश र राष्ट्रकै सम्वृद्धि सँग जोड्ने साधारण र प्राविधिक शिक्षा प्रणाली लागु गर्नु पर्दछ । आफ्नो प्रदेश र नेपालमा आवश्यक हुने र विदेशमा समेत बिक्री हुन सक्ने दक्ष जनशक्तिको पूर्वानुमान गरी जनशक्ति उत्पादन गर्ने व्यवस्था मिलाउनु पर्दछ । विज्ञान र प्रविधिलाई शिक्षा सँग जोड्दै अनुसन्धान र विकासमुखी चिन्तन भएको जनशक्तिको व्यस्थापनबाट मात्र यस प्रदेशको आर्थिक विकास सम्भव हुन्छ ।

५.४ आर्थिक स्रोत व्यवस्थापन

आर्थिक विकासका लागि पुँजी र पुँजीनिर्माण महत्वपूर्ण सर्त हुन् । कर्णाली प्रदेशको विकासका लागि ठूलो भौतिक लगानीको आवश्यकता पर्दछ, जुन एक्लो सरकारी प्रयासवाट मात्र संभव हुदैन । सरकारले कर्णाली क्षेत्रमा ठूला जनविद्युत आयोजना, ठुला सडक, पर्यटन, उद्योग आदिको विकास गर्न निजी क्षेत्र र सहकारी क्षेत्रलाई समेत साथमा लिनुपर्दछ । आन्तरिक पुँजी परिचालन गर्न कर्मचारी, शिक्षक र सर्वसाधारणको सहयोग लिनुपर्दछ र विकसित मुलुकहरु तथा बहुराष्ट्रिय कम्पनीसँग समन्वय गरी वाह्रय लगानीलाई समेत भित्र्याउनुका साथै लगानी सुरक्षाको प्रत्याभूति पनि समानान्तर रुपमा आवश्यक छ ।

### ५.५ पूर्वाधार विकास

राष्ट्रिय भू-विकास योजनाअनुरुप कर्णाली प्रदेशमा भौतिक र सामाजिक पूर्वाधार विकासका ठूला-ठूला आयोजनाहरु संचालन गर्नुपरेको छ । भेरी करिडोर, अपरकर्णाली, वेतान र फुकोट जलविद्युत आयोजना, सञ्चार, शिक्षा, स्वास्थ्य आदि पूर्वाधारका क्षेत्रमा ठूलो पुँजी लगानी तथा दक्ष जनशक्तिको आवश्यकता देखिएको छ । यससँगै विज्ञान, प्रविधि र इन्जिनियरिङ्ग पक्ष पनि जोडिन्छ । हिल्सा ( जमुनाहा फास्ट ट्र्याक, सुर्खेत-यारी सडकको निर्माणबाट यस प्रदेशको दक्षिणी तथा उत्तरी दुवै छिमेकी देशसँग सीधा सर्म्पक जोड्न मद्दत मिल्नुका साथै वस्तुको आयात निर्यात तथा पर्यटनलगायत अन्य उद्योगको विकासको पनि बाटो खुल्दछ ।

### ५.६ सु-शासनसहितको दक्ष प्रशासन

सामाजिक न्यायसहितको समृद्ध नेपाल निर्माण गर्ने लक्ष्य बमोजिम नीति र योजना निर्माण गरी साधन स्रोतको मीतव्ययी प्रयोगबाट सकारात्मक परिणाम निकाल्न सक्षम, स्थिर र भ्रष्टाचारमुक्त प्रशासन आवश्यक हुन्छ । केन्द्रीय, प्रादेशिक तथा स्थानीय तहको वजेटको पारदर्शी, जवाफदेही, मीतव्ययी र विधिअनुरुप कार्यान्वयन गर्नुपर्दछ, निर्धारित समयभित्रै आयोजना पुरा गर्नुका साथै आयोजनको निर्माण, कार्यान्वयन र मूल्याङ्कन जनसहभागितामा आधारित हुनु पर्दछ । जनतालाई प्रभावकारी सेवा प्रदान गर्न सक्ने सदाचार र सुशासनसहितको प्रशासनले मात्र परिणाममुखी विकास आयोजना सफल हुनसक्छन् ।

### ५.७ बजेट र योजनाको प्रभावकारी कार्यान्वियन

नेपालमा वि.सं. २००८ मा वजेट र २०१३ सालदेखि योजनावद्ध विकासको अभियान थालनी भए पनि यसको प्रभावकारी कार्यान्वयन भएको पाइँदैन । कर्णाली प्रदेशको वजेट र योजना निर्धारित समयमा पुरा गराउन प्रभावकारी अनुगमन र मूल्याङ्कनको व्यवस्था मिलाउनु पर्दछ । प्रदेश र स्थानीय तह दुवैमा निष्पक्ष, स्वतन्त्र र अधिकारसहितको अनुगमन र सुपरीवेक्षण संयन्त्र तयार गर्नुपर्दछ । वजेट श्रावण महिना देखि नै निकासा हुने व्यवस्था मिलाई असारे विकासलाई निरुत्साहित गर्दै बजेट ट्र्याकिङ्ग र सामाजिक परीक्षण अनिवार्य गराउनु परेको छ । वजेट आयोजनाहरुको सफल कार्यान्वियबाट मात्र कर्णालीको आर्थिक विकास सम्भव हुन्छ ।

## ६. निष्कर्ष

कर्णाली प्रदेश विकासको ठूलो सम्भावना बोकेको प्रदेश हो । यस प्रदेशको आर्थिक विकास र समृद्धिका लागि विद्यमान प्राकृतिक साधन र श्रोतको पूर्ण सदुपयोग हुनुपर्दछ । यसका लागि केन्द्र, प्रदेश र स्थानीय सरकारको समन्वयमा दीर्घकालीन आर्थिक नीति र योजना बनाई  प्राथमिकताका आधारमा जनसहभागीतामूलक ढंगले कृषि, ऊर्जा, पर्यटन, जडिबुटी, पूर्वाधार विकास, उद्योग आदि क्षेत्रमा ठूला ठूला आयोजना संचालन गर्नुका साथै आवश्यकता अनुसार घरेलु तथा साना उद्योग र आयोजना पनि संचालन गर्नुपर्दछ । प्रदेश सरकारले आर्थिक विकासका चुनौतिहरु सामना गर्दै सरकारी र निजी तथा सहकारीको साझेदारीमा राष्ट्रिय र अन्तर्राष्ट्रिय भौतिक तथा मानवीय स्रोत व्यवस्थापन गर्दै अघि बढ्नुपर्छ । स्थानीय साधन, स्रोत र जनशक्तिको पनि समुचित उपयोग गरी आत्मनिर्भर, निर्यातमुखी र समावेशी विकास गर्नु यो प्रदेशको आवश्यकता हो । वि.सं. २०७५ देखि २०८५ सम्मको दशकलाई “कर्णाली विकास दशक” घोषणा गरी तदनुरुप कार्यक्रम, बजेट र तिनको सफल कार्यान्वयन गर्नु आजको आवश्यकता भएको छ । यसका लागि भ्रष्टाचारमा शून्य सहनशीलताका साथै सुशासनयुक्त प्रशासन उत्तिकै महत्वपूर्ण हुन्छ । अनिमात्र “समृद्ध कर्णाली खुसी कर्णाली वासी” भन्ने नारा सफल बनाउन सकिने छ ।

### सन्दर्भ सामग्री


कृषि.विकास. शाखा (२०७४), *कृषि.विकास. प्रतिवेदन,* जुम्लाः कृ.वि.शा. ।
पौडेल, मिनराज (२०७३), *नेपालको अर्थशास्त्र,* काठमाडौंः एम.के. पब्लिशर्स ।
सिलवाल, सुदर्शन (२०६१), *विकास र योजनाको अर्थशास्त्र,* काठमाडौं : रत्न पुस्तक भण्डार ।
Central Bureau of Statistics (2017), *Population Monograph.* CBS.
Jhingan, ML (1998), *The Economics of Development and Planning*. Dilli: Brinda Publication.
Sharma, Sagarraj (2074), *Nepal 2030: A Vision for Prosperous and Peaceful Nation.* KU:NCCR Department of Development Study.
Todaro, P Michael (1988), Economics for a Developing World. Singapur: Longman Producers.

# कर्णाली प्रदेशको भाषा र संस्कृतिको विकास, सम्भावना र सीमा

डा. दीपक गौतम

## १. अवस्थिति

सुर्खेत, लगामको ८१° पूर्वी देशान्तरदेखि डोल्पा, छार्काभोट ८३° ३०' पूर्वी देशान्तर तथा सल्यान, काल्वेको लगभग २८° उत्तरी अक्षांसदेखि झन्डै हुम्लाको ३०° ३०' उत्तरी अक्षांशसम्म अवस्थित कर्णाली प्रदेशको भूभाग प्रदेशमध्ये सवभन्दा ठूलो र जनसङ्ख्यामा सवभन्दा सानो छ । हिमाली, पहाडी र भित्री मदेश संरचनाको यस प्रदेशको विकास, सम्भावना र चुनौतिको यथार्थ पहिचान गरी समृद्धिमार्फत समृद्ध कर्णाली समाज निर्माण आजको आधारभूत कार्यभार भएको छ । यो प्रदेश संभवतः समुद्र सतहदेखि १९८मिटरदेखि ६८५९ मिटरसम्मको उचाइमा अवस्थित छ । गोर्ख हिमाल ( ६०८८ मिटर), चाङ्ला (६५६५ मिटर), मुकुट हिमाल (६६३९), कान्ति हिमाल (६८५९), यस प्रदेशका प्रमुख उच्च हिमालहरु हुन् । कर्णाली, हुम्ला, मुगु, ठूलो भेरी, सानो भेरी नदीद्वारा यस भूभाग सिञ्चित छ भने बबई नदीद्वारा पनि यो भाग सिंचित छ । पश्चिमतिरबाट बगेर आई मिसिएका बूढी गण्डकी र सेती नदी कर्णाली नदीमै समाहित छन् । यसका दस जिल्ला, ७९ नगर र गाउँपालिकाहरु छन् । रारा, ऋणमोक्ष, सेफोक्सोन्डो, स्यार्पु, ठाकुरज्यू दह, साख, गर्खाकोट, कुपिन्डे, बुलबुले, बराह र जाजुराताल यहाँका मुख्य तालहरु हुन् भने सिम्तादरा, भोक्तडी, मौराखारा, पोखरा यहाँका वर्षाजन्य ऋतुगत ठूला तालहरु हुन् । मुसिकोट नगरपालिकामा मात्रै यस्ता बृहत् आयामका दहहरु आधा दर्जनभन्दा बढी छन् । सल्यानमा नाउलाहरु प्रशस्तै छन् । प्रत्येक दश मिटरको उचाइमा जैविक विविधता फरक हुनाले प्रदेशमा ६७६भन्दा बढी जैविक विविधताले यस प्रदेशमा सबभन्दा बढी जैविक विविधता छ, जैविक विविधतामा आधारित समाज, संस्कृति, वातावरणहरु छन् ।

जलस्रोतविद्हरुले यस प्रदेशका जलस्रोतबाट २३००० मेगावाट क्षमताभन्दा बढी क्षमताको विद्युत ऊर्जा उत्पादन गर्न सकिन्छ भन्दै छन् । यसकारण यो प्रदेश नेपालकै भाषिक, सांस्कृतिक, जातीय विविधता सम्पन्न क्षेत्र हो । सिंजा राज्यको सभ्यतालाई नै सबैभन्दा पुरानो सभ्यता र आधुनिक नेपालको मूलसभ्यता स्रोत मानिँदै छ । लामा थाडा बाँडा बस्ती ( घरको थाडो लामो र नेवारको जस्तो वस्ती अर्थात् बाक्लो वा गुजमुज बस्तीको घरगाउँ) भएको तत्कालीन जुम्ला राज्य क्षेत्रलाई माथिल्लो कर्णाली र छितरिएका गाउँका घरहरु भएको तुलनात्मक रुपमा न्यानो हावापानी भएको क्षेत्रलाई तल्लो कर्णाली भनेर पनि अलग्याउन सकिन्छ । वीरेन्द्रनगर यस प्रदेशको सबैभन्दा पुरानो र ठूलो शहर हो । हात्तीखाल प्रदेशको मुख्य प्रवेशबिन्दु हो भने यस प्रदेशको ठूलो भूभागले तिव्वतलाई छोएको छ । राक्षस तालबाट यात्रा प्रारम्भ गरेको कर्णाली नदी र यसका सहायक नदीहरुले धेरै ठाउँमा बेसी, गल्छी, टार बनाएका छन् । झन्डै तीनहजार गाउँले यस प्रदेशका मानवस्ती बनाएका छन् ।

यो बृहत् खस राज्यको आधारखण्ड हो भने कैलास मानसरोवर प्रवेशको मुख्य बिन्दु हो । भिरालो पत्थरिलो भू-भागको प्रमुख विशेषता हो भने थोरै भाग सम्म छ र यहाँ कमजोर खालको जंगल छ । यहाँका केहीले पशुपालनलाई प्रमुख पेसा बनाउँदै आएकाले यहाँ पशुपालन युगको झझल्को प्रत्यक्ष देख्न सकिन्छ । ३१,८७३ वर्ग किलोमिटर कुल क्षेत्रफल ओगटेको यस प्रदेशले नेपालको भूमिको २१.६६ प्रतिशत हिस्सा लिएको छ । २०६८ को जनगणनाअनुसार यस प्रदेशमा १६,२३,६०२ नागरिकहरु बसोबास गर्दै छन् । यहाँका करिव ६५ प्रतिशत नागरिकहरु साक्षर छन् भने औसत आयु ६० वर्ष रहेको छ र प्रतिव्यक्ति वार्षिक आय ८० हजार रुपैयाँ रहेको छ । कुपोषण, बालमृत्यदर र मातृमृत्यदर पनि अन्य प्रदेशभन्दा बढी छ । कर्णाली र भेरी करिडोर यस प्रदेशमा निर्माणाधीन छन् भने यस प्रदेशको जीवनरेखा मानिएको कर्णाली राजमार्ग विस्तारित अवस्थामा छ । कपुरकोटदेखि मुसिकोटसम्म रापती राजमार्ग र सुर्खेतदेखि दैलेख राजमार्ग पक्कि सडकका रुपमा लिइएको छ । यस प्रदेशको पूर्व-पश्चिमको पुष्पलाल मार्गको ट्रयाक खोल्न बाँकी नै छ भने चुरे भएर समानान्तर रुपमा जाने मदनभण्डारी मार्ग अध्ययनमा छ । जुम्ला-डोल्पा, मुगु-हुम्ला, जाजरकोट-जुम्ला, रुकुम-डोल्पा पहुँच सडकहरु तथा अन्तरप्रदेश जोड्ने सडकहरु निर्माणको प्रारम्भिक चरणमै छन् । सुर्खेत-दाङ-पुरणधारासडक हिउँदको समयम चल्दै आएको छ भने भुरीगाउँ-तेलपानी-वीरेन्द्रनगर सडक बन्दै छ । जामुको भेरीपुल निर्माण सम्पन्नताले यस प्रदेश तथा सुदूरपश्चिमको प्रवेशबिन्दु गरेको छ । धोरिम्ला, नाक्चेनाग्ला र हिल्सामा यस प्रदेशका मुख्य अन्तरदेशीय अस्तव्यस्त भन्सार प्रमुख नाकाहरु हुन् भने झन्डै एकदर्जन यस प्रदेशका ऋतुगत नाकाहरु पनि छन् । रारा र सेफोक्सुन्डो यस प्रदेशका राष्ट्रिय निकुञ्जहरु हुन् भने काँक्रेविहारलाई दोस्रो लुम्बिनीका रुपमा हेरिँदै छ । पाथरनाउली, सिंजालगायत केही प्रमुख बाईसे राज्यहरु पनि यस प्रदेशमा रहेका छन् ।

## २. भाषिक वर्तमानता

राष्ट्रिय जनगणना-२०६८ को तथ्याङ्कअनुसार कर्णाली प्रदेशमा नेपाली, बाजुरेली, बोटे, तिव्वती, दैलेखी, अरवी, खस, डोल्पाली, मुसलमान, जुम्ली, खाम्ची (राउटे), मनाङ्गे, काइके, थारु, नेवार, ढूटमगर, हिन्दी, खाममगर, माझी, कुमाल, राजी, अंग्रेजी, तामाङ, भोटे, शेर्पा, थकाली आदि भाषाहरु बोलिन्छ । डोल्पाका मगरले बोल्ने भाषालाई काइके, बारपन्थी मगरको लवजलाई ढूटमगर र अठारपन्थी मगरको भाषालाई खाममगर भनिएको छ । खाममगर भाषा कम विकसित अवस्थामा छ भने पछिल्लो समयमा भाषिक चेतना बढ्न गई गोरखापत्रमा सानो अंशमा यी सबै भाषामा साहित्य लेखिन लागेको छ । रत्नाकर देवकोटाले जुम्लेली शब्द र उखान सङ्कलन (२०२७) शब्दकोश प्रकाशित गरेका छन् । नेपालको संविधानले यी भाषाहरुलाई राष्ट्रिय भाषाका रुपमा स्थापित गरेको छ ।

बीननपाको भूगोलभित्रमात्रै यहाँ उल्लेख गरिएका धेरै भाषाहरु बोलिदै छ । वीनपाको छनम्बर सबैभन्दा व्यावसायिक- व्यावहारिक रुपमा बोलिन्छ । सानो आकारको भूगोलमा भाषिक विविधता कर्णालीको अनमोल सम्पदा हो । वीननपामै धेरै भाषाको शोधखोज गर्न सकिने स्थिति छ । मकैको घोगामा गेडाहरु अडिने थोप्ला-थोप्ला परेको खोयो (स.कोष) लाई कतै कोयो, कतै ठुटी, कतै ठिरो, कतै खोइला, कतै कोइला यस प्रदेशमा भनिदै आउँदा एउटै भावका उही भाषाका अनेक शब्दको प्रयोग प्रचलन प्रदेशको भाषिक सम्पन्नता हो । यस प्रकारको विविधता कुनै प्रदेशमा पाईदैन । भाषाको विभिन्न क्षेत्रको प्रयोग नै भाषिक आधुनिकता हो । दैलेखी, कुसुन्डा, खस, डोल्पाली, राउटे, मनाङ्गे, थारु, नेवार, मगर, खाम, माझी, कुमाल, राजी भाषाहरु लोपोन्मुख अवस्थामा रहनु सीमा हो । अंग्रेजी भाषाको अन्धानुकरण, हिन्दी भाषाको कुप्रभाव तथा नेपाली भाषाको सामर्थ्यका कारण यहाँका अन्य भाषाहरु संकटमा छन् । नेपाली भाषाको उत्पत्तिस्थल सिंजा र लिपिबद्ध दैलेख तथा रेलिंगुम्बालगायत थुप्रै अभिलेखहरुमा आकर्षण छ ।

यहाँका शिलालेखहरु नेपालकै पुराना भएर विकासका जीवन्त सम्भावनाहरुका रुपमा लिन सकिन्छ भने तेरौं शदीतिर काँक्रेविहारमा लेखिएको, अहिले चीनमा छ भनिएको अभिशमयलंकारलगायत पछिका केही ग्रन्थहरु पनि यसै प्रदेशमा लेखिनुले ऐतिहासिक महत्त्व राखेका छन् । तेरौं शताब्दीदेखि नै खस सम्राज्यको भाषिक स्वरुप पाएको खस भाषाले बाइसे चौबीसे राज्यमा पनि राज्यभाषा र

सम्पर्क भाषाको भूमिका पाएको हो । खस भाषा वा सिंजाली भाषाले समय, समाज र शक्तिअनुकूल पछि गोर्खाली भाषाले सरकारी, प्रशानिक र शैक्षिक रुपमा प्रवेश पाएको छ । नेपाल अधिराज्यको संविधान २०४६ मात्र बहुभाषिक नीतिलाई अवलम्वन गरी प्राथमिक तहसम्म आफ्नो मातृभाषामा शिक्षा दिने अधिकार दिई अनि नेपालको संविधान २०७२ ले प्रत्येक व्यक्ति र समुदायलाई आफ्नो-आफ्नो भाषा, लिपि, संस्कृति, सांस्कृतिक सभ्यता, सम्पदाको प्रयोग, सवर्द्धन र संरक्षणको हकमा परिभाषित गरी सुनिश्चितता गर्नुले कर्णाली प्रदेशको उपलब्धि र विकासको संभावना टडकारो देखिए पनि गरिवी, भेदभाव र विपन्नता कर्णालीका अप्राप्तिहरु, बाधा र व्यवधानहरु हुन् ।

३. सांस्कृतिक अवस्था

खस सभ्यता र मस्टो संस्कृति कर्णाली प्रदेशका दीर्घकालीन पहिचान हुन् । राजा जालन्दरद्वारा ईशापूर्व १४४५ ( आजभन्दा ३४६० वर्ष ) तिरको सिंजा राज्यको घोषणायता खसराजा नागराज र उनका उत्तराधिकारीद्वारा तीनसय वर्षसम्म शसक्त शासन गरिरहँदा सिंजा राज्यलाई करत (करद अर्थात् अन्य राज्यले सिंजालाई कर तिर्नुपर्ने) सम्राज्यका रुपमा चिनाइयो । मध्यकालीन समयमा  अस्तित्वमा आएका प्रतिनिधि बाँकीकोट, मुसिकोट, जाजरकोट, गोतामकोट, जहारीकोट, गुर्भाकोट, फालावाङ, माल्नेटा, जुम्ला, दुल्लू, दैलेख राज्यहरु सिंजा राज्यबाटै फुटेका प्रत्येक राज्यका आ-आफ्नै मूल्यमान्यता, विश्वास, संस्कार, संस्कृतिहुँदै भिन्न-भिन्न बन्न गएका छन् । कर्णाली प्रदेशका तत्कालीन गण्डकी पश्चिममध्येका यहाँ प्रस्तुत तत्कालीन राज्यका जीवनहरु कर्णाली प्रदेशका जीवन्त सम्पदाहरु हुन् र यिनको सदुपयोगबाट हामी अन्य प्रदेशभन्दा सम्भ्रान्त बन्न सक्छौं तर भिन्न राज्यप्रणालीका मूल्य विविधताले आपसी संकीर्णता, क्षेत्रीयता, भेगीयता, रुढता, जातीयताका कारण कर्णाली प्रदेश विभक्त छ र समान भावना निर्माण हुननसक्दा सामूहिकतामा व्यबधान उत्पन्न भइरहेको छ । यी र यस्ता भावहरुका  कारण कर्णाली प्रदेशको जनजीवन अहिलेसम्म आभाव, असुरक्षा र विपन्न बन्न पुगेको छ । यस्ता विभावनहरु कर्णालीका मूल भूलहरुका रुपमा देखिन पुगेका हुन् ।

यसका अतिरिक्त गोत्रअनुसार बाटाहरु बनेर विभाजित छन् र यहाँ खासगरी उपल्लो कर्णालीमा कालोसिल्लो सर्वशक्तिशाली ठानिएको छ । यसका पूजारी, धामी, झाँकी र जाग्रीहरु यथार्थमा आम जनताभन्दा माथिका विशिष्ट वर्गका बनेका छन् । कालोसिल्लोका मन्दिरमा चढाएको घोडा अरु कसैले छुन र चढ्न मिल्दैन, बाली लगाउँदा, मित्र्याउँदा, खाँदा धामीहरु निर्णय गर्दैछन् । फलफूल देउताले खाएमात्र चल्छ । जस्तोसुकै सक्षम कुशल कृषिविज्ञहरु तथा डाक्टरहरु धामीका अघि दुर्वल बनेका छन् । विश्वरंगमन्चबाट अपरिचित गरिएका छन् र कर्णाली अलौकिक शक्तिमा बढी विश्वास गरेर विज्ञान र वस्तुगत यथार्थलाई अस्वीकार्दा नछुने भएकी महिलालाई देउताले  लखेट्छन् । पशु र अरुभन्दा  मस्टदेउता बलिया पारिएका छन् । यही मूल कारण छाउपडी, छोइछिटो, बहुविवाह, बालविवाह, बहुपतिप्रथा, अनमेल विवाह, जवरजस्ती विवाह, छोरा नभई नहुने मान्यताहरु कर्णाली समाजका दर्दान्तिक कलंकहरु बन्दै आएका छन् र एक्काईसौ शताब्दीलाई चुनौति दिँदै छन् ।

गैरदलित विद्यार्थीहरुले दलित विद्यार्थीहरुले पकाएको खाना नछुनेजस्ता धेरै वर्ण व्यवस्थाका दुष्परिणामले कर्णालीलाई गति दिनसकेको देखिन्न । यस्ता दुष्परिणामको विज्ञानसम्मत सामाजिक अध्ययन गराउने पाठ्यक्रम छैनन् । यथार्थ ज्ञानविनाको शिक्षाको भविष्य सुनिश्चित हुँदैन । हीनभावनाका कारण कर्णाली अफल मानव जीवन निर्माण गरिरहेको छ । महिला, दलित, हिंसा, हत्या, बलात्कारका सूचीहरु गाउपिच्छे छन् । एकदुई वर्षभित्र सन्तान नजन्माउने श्रीमतीले श्रीमान्लाई खाना खाँदा देखी भने ऊ श्रीमान्को वान्ता, उल्टी, सुल्टीका कारण बनाइन्छे । ऊ दलितकी दलितले शारीरिक-मानसिक हिंसा भोग्न थाल्छे । कर्णालीका यस्ता समस्या प्रमुख समस्या  भएका छन् । यहाँ रारा र कर्णाली छुइन्छ  र रुखहरु लागुभागुका कारणमा दरिन्छन् । बृद्ध बूढी आमा छोराका लागि लागू लाग्छे आफ्नै मृत बाबु पित्तर बन्छ । महिला र दलित, बालबालिकाका, सामाजिक न्याय र हकको व्यवस्था गरेको नेपालको संविधानले चौथो जन्मदिवस मनाइसक्दा कर्णालीका आधारभूत पेसा, ज्ञान, सीप र प्रविधिहरु लोपोन्मुख छन् । शदीऔं नदी, भीर, जंगल, बाढी, पहिरा, खोला, खोल्सी लाग्ने ठाउँनै कर्णाली दलित बस्ती बनेको छ । प्रत्येक वर्ष अकालमा मृत्युवरण कर्णाली दलितको नियति हो । सल्यान र दैलेखबाहेक यहाँका जिल्लासदरमुकाम पूर्णरुपमा असुरक्षित छन् । यसरी कर्णाली पुँजीवादको नाङ्गो शोषण र वर्णव्यवस्थाको दीर्घकालीन तथा पुरुषप्रधान समाजबाट प्रपीडित छ । यी छलछामी मूल्यमान्यतामा आधारित कर्णाली कुसंस्कृति प्रमुख तगारो बनेको छ । यसका अतिरिक्त सामूहिकता, श्रमशीलता, सहकार्य अभाव, , अभाव, प्रतिकूलता र विषमतामा पनि जीवन चलाउन सक्ने सुपरीक्षणीय मानवीय भावहरु कर्णालीका सकारात्मक सूचकहरु हुन् ।

भन्न त दैलेखलाई लोकसाहित्यको राजधानी हो भनिएको छ तर सबभन्दा बढी बलिप्रथा दैलेखमै छ । ग्रामीण आर्थिक विकासको प्रमुख आधार पशुउत्पादनमध्येका सैयौं बोकाको हत्याबाट न त मासु बेचेर पैसा कमाइन्छ, न त छाला, हाड, सिङ, खुर, रौंको सदुपयोग गरिन्छ । घरघरै-मन्दिरैमन्दिरमा चढाइने बलिप्रथाको आयामलाई गाउँ एक, एक मन्दिर एक बलिप्रथामा ल्याउनु नै अहिलेको एउटा प्रमुख कार्यभार हुनसक्छ । प्रत्येक वर्षको दसैंमा  काटिने बोकाको अर्थ आफ्ना छोराछोरी बचाउन अर्काको छोराछोरी काटेर निको हुन्छ भन्ने कर्णालीको अन्धविश्वास सधैं नकार विश्वास हो  । ढोगी र अव्याबहारिक काम गर्ने  पाटी, व्यक्ति र संस्थालाई कडाइ गर्नु आजको स्थानीय सहकारलको पहिलो दायित्व भएर आएको छ । यस क्षेत्रमा श्रीमतीसँग भएका झगडाका कारण आत्महत्या, सम्बन्धविच्छेद र हिंसा हद भए पनि मुगुको विकट भिई गाउँको कपासखेतीले सामूहिक स्वरुप पाउँदै आउनु  विकासको उज्यालो आधार हो  । सामूदायिक विद्यालयका कृषि, कम्प्युटर र प्लम्बरिंजस्ता विषयले नयाँप्रवेश पाउनुले शैक्षिक सुधार र रोजगारी बढ्ने स्थिति कर्णाली सकारात्मक संस्कृतिको निर्माण हुन आँटेको संकेतहरु हुन् ।

पछिल्लो समयदेखि यहाँ लाग्दै आएका प्रदेशस्तरीय, स्थानीय र विशेष महोत्सवहरुको प्रतिस्पर्धामा पञ्चेबाजा, सिंगारु, झाँक्री नाच, लोकबाजा, खेलकूद चलाई संरक्षण, सम्वर्द्धन र विकास गर्नु सकारात्मक प्रमाणहरु भए पनि महोत्सवहरुले छाडेका वातावरणीय, जैविक दुष्परिणाम र टाँठाबाँठाको हालीमुहालीले विकृत संस्कृति निर्माण हुनु अर्को नकारात्मक पक्ष बनेको छ । अहिले कर्णाली तीज विकृत भएको छ र पुरुषप्रधान बन्न पुगेको छ । कर्णालीमा गरिब भई मर्ने तर गरिबी नमर्ने भई आएको छ । गरीब जनताले आत्मसम्मानपूर्ण जीवन बाँच्न नसक्ने सबै क्षेत्रको पहुँच बाहिरको कर्णालीको गरिबीको मूलकारण कम उत्पादन भएको कमसल खालको थोरै उत्पादन योग्य जमिन हुनु हो । तर पशुपालनमा कर्णाली विपुल क्षेत्र हो । यहाँको नब्बे प्रतिशत बढी जनता किसानीमा छन् । कर्णालीसँग जोडिएको हिजोको अति विपन्न तिब्बत अब दुई वर्षउता गरिवमुक्त प्रान्त बनाइदै छ यता भने पचास प्रतिशतभन्दा तल नझर्ने दुखद् अवस्था छ ।

नेपालको संविधानमा संघीय, प्रदेश र स्थानीय तहका साझा, एकल अधिकारको सूची प्रष्ट रुपमा दिएको छ तर खाँडाचक्रदेखि तल तिलासम्मको मूल सडकबाट डोजरद्वारा छछवटा जथाभावी सडक खोलिएको नराम्रो उदाहरणबाट मात्रै कर्णालीमा नयाँसंस्कृति नकारात्मक रुपमा प्रस्तुत भएको छ । कर्णालीमा डोजर ईन्जिनियर र डोजरअध्यक्ष  शक्तिशाली बनेका छन् । कालीपारे र लाहुरे संस्कृति विस्तारित भएर समुद्रपारि जाने संस्कृतिमा बदलिएको छ । कुनै पनि देश सुसंस्कृतिको विकासबिना समृद्ध देश बनेको छैन तर कर्णालीमा परनिर्भर संस्कृति बढ्दो छ । राराकर्णाली महोत्सव लागेकै

साउनभदौमा शून्य पर्यटक हुनुले कर्णाली कथनी र करनीमा एकै छैन भन्ने अर्थ लाग्दै छ । अहिलेसम्मका स्थानीय सडक, ग्रामीण सडक, कृषि सडक, पहँच सडक, करिडोर, लोकमार्ग, राजमार्ग कर्णालीका मृत्युमार्गहरु बनेका छन् । यति हुँदाहुँदै पनि जल, जंगल, जडीबुटी, कृषि, कला र संस्कृतिको समृद्धि गन्तव्य स्थल पहिचानले स्थानीय संस्कृति विकसित हुने सूचकहरु असल छन् ।

रुकुमका डिग्रे, शंखपीपल, कुनाखेतलगायत ठूलासाना मेलापर्वले ऐतिहासिक, सांस्कृतिक कलाले राष्ट्र, समाज र ईतिहासलाई जोड्दै छन् र सामूहिक भावना उमार्दै छन् । चन्दननाथ, भैरवनाथ, कनका सुन्दरी, खार्पुनाथ, देउतीबज्यै, लाटीकोइली, खैरावाङ्ग भगवती, दैलेखज्वालाले कर्णालीका जनतालाई घर, आँगन, मन्दिर र मनलाई धोईपखाली गर्न सिकाउँदै छन् र वातावरणीय प्रदुषणबाट जोगाउँदै छन् । चुलिमालिका, बडिमालिका, कुसेमालिका, महाबै (भय), डिग्रेसाईकुमारी, देउतीबज्यै, पैकमष्टाहरुले हाम्रा ब्यावहारिक पारिवारिक मनमुटावलाई भुलाई आ-आफ्ना गाजावाजासहित सामाजिक घुलमिल बनाउने सकारात्मक अमूर्त-मूर्त सम्पदाहरु बनेका छन् । यी हाम्रा परम्पराले कथित आधुनिक जीवनशैलीलाई छेक्ने काम गरेका छन र हाम्रो मौलिकता बचाई राखेका छन् । वातावरण संरक्षणको दायित्वलाई निरन्तरता दिएका छन् । प्रत्येक मेलापर्वका आफ्नै प्रतीक अनुरुपका शिक्षा छन् । धार्मिकताभित्र बातावरण संरक्षणका प्रभावकारी कदमहरु कर्णालीका आशालाग्दा सम्पदाहरु बन्दै छन् । कर्णाली समी, आँप, पीपल, बर, तुल्सी, अमला, लाँकुरी र ओखरका बोटहरुले सन्ततिहरुलाई सधैँ सकारात्मक बाटोमा अभिप्रेरित गर्दै वातावरणीय प्रतिकूलन रोक्न अमूल्य योगदान गरिरहेका छन् ।

यही कारण ध्वजा, घण्ट र त्रिशुल रहेको कर्णालीका फलफुलका बोटहरु बिनासुरक्षा सुरक्षित छन् अनि हावा र हावापानी रिचार्ज गरिरहेको छन् । रुढताभित्र पनि प्रतिकूल वातावरणीय अवस्था र जलवायू असंतुलनको संरक्षण गर्ने सकारात्मक प्रमाणहरु कर्णाली विकासका आधारस्तम्भहरु हुन् । कर्णालीका चन्दननाथ, छायाँक्षेत्र तथा डिग्रेसाइकुमारी, देउती बज्यैका गुठीहरु विकृत भने भएकै छन् । ठूलाले मात्र यिनको ठूलो सम्पत्ति भोग चलन गरेका छन् चन्दननाथको गुठीको जग्गा बाजुरामा अलपत्र परेको छ, तर हिमालयहरु कर्णालीका प्राप्तिहरु हुन् । हिमाली क्षेत्रमा अर्बौं मौद्रिक क्षमताको निःशुल्क र सुरक्षित शीतभण्डार बन्नसक्ने प्रचुर संभावना एकातिर छ भने अर्कातिर हिमालयन डिग्रसेन (पतन) र विश्वकै अति प्राचीन हिमाली कर्णाली मानव सभ्यताको पतनसँगै वनस्पति र पशुपंक्षीको अधोगतिका आभासहरु भइरहेका छन् ।

हिमाली सभ्यताको शोधखोजका लागि कर्णाली विश्वकै प्रतिनिधि स्थान भए पनि २०२९ तिरदेखि कर्णालीमा देखिन थालेको भाते संस्कृति नकारात्मक बनेको छ । वस्तुविनिमय प्रथा चल्दासम्म सम्पन्न कर्णाली मौद्रिक चलनले परनिर्भर बनाउन लागेका हो भन्ने निष्कर्ष व्यबाहारिक लाग्दै छ । अहिले भात खाने ठूलो र स्थानीय फापर, कोदो, उवाजस्ता स्वास्थ्यबर्द्धक-औषधीय रैथाने बालीप्रतिको हेलत्व कर्णाली कै अभिशाप हो भने यार्सागुम्वा(किडो), गुच्चीचाउजस्ता उच्चमूल्यका वन्यचीज टिप्ने संस्कृति थप उपलब्धि हो तर यार्सागुम्वा टिप्ने बेलामा स्कुल बन्द हुन्छन्, एक न एक गुम्बाका बौद्धप्रतिमा हराउछन्, अशान्ति बढ्छु र कर्णाली अभिशप्त हुनु नकारात्मकता हो । यर्सागुम्बा उच्च भेकको उच्च आर्थिक स्रोत हो । यसले डोजर, सडक, विद्यालय, विद्युतगृह निर्माणमा समूदायलाई प्रत्यक्ष सहयोग गरेको छ । डोल्पा, माझपालको बचत विद्युत ऊर्जा यार्साकै देन भए पनि तलतिरको समाज अँध्यारोमा बाँच्न बाध्य छ ।

माथिल्लो कर्णालीका जनजातिको स्वास्थ्यस्थिति खसआर्यको भन्दा राम्रो छ भने विभेदता खसआर्यमा बढी छ । जनजातिको मातृसत्तात्मक समाज कर्णालीको असल संस्कृति हो भने बहुप्रतिप्रथा नकारात्मक चलन हो । अधिकांशले जाडो छल्ने कुविश्वास पालेर सुर्ती र सुल्पाको प्रयोग गर्ने कर्णालीको अन्धविश्वास हो तर अर्ग्यानिक कर्णालीमात्र हैन, नेपालकै सुन्दरता विशिष्टता हो । चौरी, भैंडा, घोडा, कुकुर, भैंसी, गाई, कुखुरा पाल्ने चलन कर्णालीको उज्यालो चलन हो भने गोठालाको कष्टपूर्ण जीवनशैली उल्लेख्य हैन ।

तत्कालीन दार्माराज्य वरपरलाई चन्दठकुरी, डाँगी, वली, खड्काको आदि थलो मानिएको छ । त्यसरी नै रास्कोटी, कल्याल, सोमवंशी र धौलाकोटी शाही, सिंहठकुरीको बारेकोट , जाजरकोटको खाणटाकुराबाट खाणठकुरी ( वीरेन्द्रको सन्तानहरुको पनि आदिथलो) कर्णालीमै भएको इतिहास छ । यतिमात्र हैन बुढाथोकी क्षेत्रीहरुको मूलथलो पनि कर्णालीनै हुनु विकासको राम्रो पक्ष हो । जगतिपुरबाट आचार्य, गोतामकोटबाट गौतम, खत्याडखोलाबाट खतिवडा, सिपखानाबाट सिम्खडा( तिमिल्सिना), कटिबाट कट्टेल, लम्सुबाट लम्साल, दहबाट दहाल, नेपबाट नेपाल, रिजुबाट रिजाल, पराजुलबाट पराजुली, दवाडाबाट दवाडी, कुइकानाबाट कोइराला, चाल्साबाट चालिसे र रुपाखेतबाट रुपाखेती नेपालकै विभिन्न ठाउँहुँदै विश्वमा छरिएका छन् भन्ने कुरा समाजशास्त्रले उठाउँदै आएको सन्दर्भमा यी सबै ठाउँमा गोत्रीय प्रतिष्ठान स्थापना गरी सुविधा र सेवासम्पन्न वातावरणको निर्माण गरी तत्स्थलहरुमा सगोत्रीहरु आउने वातावरण बनाउँदामात्र कर्णालीको आर्थिक समृद्धि माथि उठ्न सक्छ । यी कर्णालीका महत्वपूर्ण ऐतिहासिक उपलब्धिहरु हुन् ।

भेरीबबई डाइभर्सन संरचनाहुँदै कर्णालीमा सुरुङको नवसंस्कृतिको निर्माण हुने देखिएको छ भने डाइभर्सनको ताल फेवातालभन्दा ठूलो भएसँगै यस प्रदेशका भविष्यमा निर्माणाधीन जलाशययुक्त ठूला बाँधहरुले पर्यटन, मत्स्यपालन, सिँचाइद्वारा नयाँ पर्यटकीय संस्कृतिहरु जन्मिन सक्ने शक्तिशाली तथ्याङ्कहरु देखिएका छन् । भारतीय पर्यटकहरु सिमकोटमा कहिल्यै नदेखेका स्याँउका बोट देखेर हातैले टिपी किसानलाई टिप्स दिनु, फुइमाहादेवका स्याउ किसानले बार मेट्रिकटन स्याउ यसै वर्ष बेच्नु, जुम्लामा प्यारागलाइडिङ बन्नु, जमराको जुस पिउने चलन प्रारम्भ हुनु, मिनरल वाटर उद्योग चल्नु, हुम्लाका सबै स्थानीय तहमा वाइफाइको पहुँच हुनु, स्याउका विभिन्न उत्पादन बढनु, मुसिकोटका महिलाद्वारा पन्चैवाजा बजाउने व्यावसाय थाल्नु, सार्वजनिक स्वास्थ्य तथा मेडिकलमा स्नातक पढाइ भएका कामहरुले सकारात्मक संस्कृतिका दिशा बनेका छन् । नेपालमै पहिलो पटक आठवीस नगरपालिकाले २५ शैयाको अस्पताल चलाउनु, चौरजहारीमा एक वडा एक उत्पादन थालनी गर्नुले कर्णाली नवसंस्कृति निर्माणमा लागेको आशा गर्न सकिन्छ भने तत्कालीन कर्णालीलाई अर्गानिक भने पनि उपभोगका आधारमा प्रत्येक घरहरुमा चाउचाउ पुगेको अवस्थालाई राम्रो र पूर्णअर्गानिक मान्न सकिन्न । रैथाने पोषणयुक्त खानालाई हेलागर्नु सकारात्मक पक्ष हैन । खाद्यपरिकारको विविधतामा छलाङ्ग हानेको छिमेकी देश चीनसँग टाँसिएको कर्णालीमा आलुको परिकार परम्पराकै रहनु अग्रगामी संस्कृति हैन । आजको दुई वर्षउता चीनका सबै नागरिक मध्यम वर्गमा उक्लिरहँदा कर्णालीको गरिबी पचास प्रतिशतभन्दा तल नझर्नुले संस्कृकिो भविष्य सुखद देखाउँदैन । सिंगारु, पैस्यारु, छाम्रे, गर्रा, मयुर, माघी, राउटे, देउडा, मागल, झाँक्री, धामी, हुड्के, हिउपा, तीज, भैली, देउसी, मागल, भोसोलगायत कर्णालीका प्रमुख नाचहरुमा विपुलता रहेकोछ । बन्गारी टप्पा गीत नेपालकै प्रसिद्ध गीत र नृत्य हो । यस क्षेत्रका ३३ भन्दा बढी भाषाका आफ्नै लोककलाहरु र लोकनृत्यहरु छन् । सिम्ताली सतीकलासाको नाटक नेपालकै सतीप्रथामा आधारित समृद्ध ऐतिहासिक लोकनाटक हो ।

सल्यानको बाफूखोला, रुकुमको मुग्लुखोला, जाजरकोटको बारेकोट उपत्यका, सुर्खेतको चिङ्गाड, सिम्ता तथा डाँडादरा, दैलेखको लोहोरे खोलाका जलाधार क्षेत्र, दुल्लु क्षेत्र, कालिकोटको लालुलोखना-सान्नि-रास्कोट क्षेत्र, हुम्लाको दार्माक्षेत्र, मुगुका खत्याड, सोरु र मुगुकारमोरोङ, डोल्पाको अपरडोल्पा र जगदुल्ला, जुम्लाको सिंजादरा क्षेत्रमा विशिष्ट प्रकारका कला, साहित्य, संस्कृति, नृत्य, बोली,

वेषभूषा छन् । यहाँका दरा, कोट, काँडा, थाना, फाँट, गाउ, बाडा, टोल र डेरामा भिन्नभिन्न मौलिकताहरु रहेका छन् । यहाँका सैयौँ युवाहरुलाई यिनै कुराहरुको शोधखोज गराउन लगाउँदामात्रै हजारौ रोजगारीको सिर्जना हुनसक्छ । राउटेलाई बाँदरको मासु सबैभन्दा मनपर्दै छ । लामालाई हिमाल र हिमाली खाना र वातावरण । मगरहरु विसुद्ध पकृतिपूजक हुन् । खसआर्य मस्टो र वैदिक संस्कतिमा जँच्छन् । बारेकोटमा मंसिरमा भैली खेलिन्छ । तल्लो ढुङ्गेश्वरमा अविवाहित अहिले पनि बाउन केटोलाई मन्दिरमा देउकोटा (देवकोटा) को पदनानमा राख्ने चलन छ । सातसय वर्ष इतिहास बोकेको जुम्ली कालोमार्सीले धार्मिक, ऐतिहासिक, सांस्कृतिक, राजैनैतिक विम्व बनाउँदै रहे पनि लोपोन्मुख स्थितिमा छ ।

एक वडाबाट अर्कोमा जाँदा दुई दिन लाग्ने तथा सदरमुकामबाट गाउँमा पुग्न छ दिन लाग्ने कर्णाली राज्यको सेवासुधिाबाट बञ्चित नागरिकहरुले अहिले पनि चौरी, भेडा र पिठ्युमै सामग्रीहरु बोकेर जीवन धान्दै छन् । चौरी लाद्दा प्रयोग हुँदै आएका सामग्रीहरु बनाउँदा भिन्नै प्रविधि, भाषा, सीप र ज्ञान कलात्मक रुपमा प्रस्तुत गर्दैछन् एकातिर भने पोखराक्षेत्रले निजी क्षेत्रत्राट पर्यटनमा २० अर्वबढी लगानी गरी सकेको छ, प्रतिदिन ३० हजार पाहुना सुताउन सक्के क्षमता बनाइ सकेको छ । देवकोटा, सम, लेखनाथ, घिमिरेजस्तै थुप्रै साहित्कार सबैभन्दा बढी भाषिक विविधताको यहाँ हुन सकेका छैनन् र प्रगतिको क्षेत्र रहेको कर्णालीमा कर्मथलो बनाउन सकेनन् । पशुपतिनाथ, विश्वनाथ, बौद्ध, बाग्मती सिँहदरबार तथा अन्तर्राष्ट्रिय हवाइमैदान नहुँदा विभिन्न विश्वविद्यालय र मन्त्रालय यहाँ छैनन् । विभिन्न पात्रिकाहरु त्यहीँबाट प्रकाशित हुँदै गर्दाको तुलनामा कर्णाली कमजोर बनाइएको छ । रेडियो नेपाल, टेलिभिजन राज्यको अति ठूला लगानी काठमाडौँबाटै भए पनि क्याराभान, सिजापतिवाला, नरहरिनाथ योगी, कर्णाली गुरु चन्दननाथलगायत केही नेपाली असल र सभ्य व्यक्तिहरु पनि यहाँ थिए । कोही कान्ति, गोर्ख र मुकुट कर्णालीका अग्ला हिमालमा चढ्छन् कि चढ्दैनन थाह छैन । नेपाली भाषामा पहिलो प्रयोग पाएकोले महिमाशाली प्रदेश भने कर्णाली नै बन्न पुगेको छ । अति काल्पनिक विषयवस्तुमा आधारित नेपाली चलचित्रको दिशालाई कर्णालीले बदल्न सक्ने ल्याकत राख्दछ । लोक सम्पदामा सम्पन्नताको हैसियत राख्दछ ।

४.निष्कर्ष

कर्णाली मदिरा, सुर्ती, गाजा र जुवाबाट आक्रान्त भए पनि पछिल्लो समयमा स्थानीय तहले राजनैतिक, प्रशासनिक, संवैधानिक र विकासको सबल एकाइको रुप लिई प्रत्यक्ष सहभागिताको अवसर पाएको छ, नागरिकहरुमा समृद्धिको भावना बढेको छ र लगानी बढाई आर्थिक गतिविधिलाई गतिशील बनाउने प्रयास भएको छ । भोकमरीले सधैँ प्रभावित कर्णालीमा जग्गा बाँझो राख्ने चलन बढ्दै आएको पृष्ठभूमिमा स्थानीय सरकारले समयमै प्रयोग गरी रुचिअनुसारका प्रत्येक नागरिकलाई आत्मनिर्भर गराउने कार्यभार बनाउनु नै पर्छ भने स्थानीय उत्पादन सस्तो र स्वस्थ हुन्छ भन्ने कर्णालीको अति आवश्यक नवमान्यता बनाउनु परेको छ । एकीकृत बस्ती विकास, भेदभावको अन्त्य, श्रमको महिमा गान, कृषि सहकारी, पशुपालनको सम्मान, पर्यटन, जल, जमिनको विकास गर्नु कर्णालीको पहिलो विकास बन्नु पर्छ । पहिले स्थानीयताको भावना विकास कर्णालीको आजको प्राथमिकता हो । ठूलो आयोजना हुनेलाई र अति साना आयोजना स्थानीय इमान्दार नागरिकलाई दिएमात्र कर्णालीको वास्तविक व्यावहारिक र सन्तुलित उन्नति हुनसक्छ । प्रत्येक वर्ष चीनतिरबाट नाकाबाट अव्यवस्थित तरिकाले भित्रिने मदिरालगायत सम्पूर्ण उपभोग्य वस्तुले कर्णालीको राजस्वमा गतिशून्यता आएको छ भने चोरी, डकैती, घरेलु हिंसा र अपराधका घटनाहरु बढ्दै आएका मात्र छैनन्, विनारोकटोक कर्णालीबाट वस्तुभाउहरु निर्यात भइरहका छन् । मदिरा बेच्ने र खानेलाई नियन्त्रण गर्नका लागि आमा समूहलगायत विभिन्न समूहको निर्माण सकारात्मक घटना हो । यहाँ उल्लेख गरिएका कर्णालीका स्रोतसाधन र सम्पदा संभावनाको उपयोग र युवाहरुको परिचालनविना कर्णालीको समृद्धि असंभवप्राय छ । आर्थिक बृद्धिदर बढाउने, मूल्य बृद्धिदर घटाउने, खाद्यान्नको अयात शून्यमा ल्याई निर्यात बढाई साधनस्रोतको सही सदुपयोगबाट मात्र समृद्ध प्रदेश र सुखी कर्णाली समाज बन्नसक्छ ।

सन्दर्भसामग्री

१. न्यौपाने, दीपकप्रसाद (२०७०), नेपाली तथा नेपाली शिक्षा उपप्राध्यापक परीक्षा मार्गदर्शिका, काठमाडौँ : सनलाइट पब्लिकेसन ।

२.चपागाईं, प्रेमसागर र अंरुहरु (सम्पा), (२०1०), एकता स्कुल एटलस ।

३.नवयुग (२७ः १, २०७३) ।

४.शाही (नेसनल), नगिन्द्र (२०७०), नेपाल भित्रको कर्णाली, कालिकोट : टापिन्द्रा सेन ।

५.भण्डारी, नरेश (२०७२), चाँदीको घेरा , काठमाडौँ : काँशीकला फाउन्डेसन ।

६.पन्त, सुदर्शन (२०७२), नेपालको संविधान (२७ः १, २०७३) ।

७.विभिन्न समयका कान्तिपुर, अन्नपूर्ण, नागरिक, गोर्खापत्र र कार्यपत्रहरु ।